# कर्णाली प्रदेश सरकार मन्त्रिपरिषदका सम्वत् २०७५ साल पौषदेखि चैत्रसम्मका निर्णयहरुः

**सम्वत् २०७५ साल चैत्र २६ गते मंगलबार बसेको मन्त्रिपरिषद् बैठकका निर्णयहरुः**

१. आन्तरिक मामिला तथा कानून मन्त्रालयको प्रस्तावमा बाढि पिडितको पुनर्वास तथा पुर्नस्थापना गर्ने।

२. आन्तरिक मामिला तथा कानून मन्त्रालयको प्रस्तावमा कर्णाली प्रदेशका हावाहुरी तथा असीना पिडित जनतालाई राहत उपलब्ध गराउने ।

३. आन्तरिक मामिला तथा कानून मन्त्रालयको प्रस्तावमा वेयर हाउसको निर्माण संम्पन्न गर्न चाहिने रकमको रकमान्तर गर्ने।

४. प्रदेश सभाको हिँउदे अधिवेशन अन्त्य गर्ने।

**सम्वत् २०७५ साल चैत्र २३ गते शनिबार बसेको मन्त्रिपरिषद् बैठकका निर्णयहरुः**

१. आन्तरिक मामिला तथा कानून मन्त्रालयको प्रस्तावमा प्रदेश नं २ राहत साहयता रकम उपलब्ध गराउने।

२. सामाजिक विकास मन्त्रालयको प्रस्तावमा प्रदेश अस्पताल सुर्खेतलाई शिक्षण अभ्यास सहितको द्धितीय तहको ३०० सैयाको प्रेषण अस्पतालमा स्तरन्वति गर्ने र सो को लागि संगठन तथा व्यवस्थापन सर्वेक्षण स्वीकृत गर्ने।

**सम्वत् २०७५ साल चैत्र १४ गते बिहीबार बसेको मन्त्रिपरिषद् बैठकका निर्णयहरुः**

१. आर्थिक मामिला तथा योजना मन्त्रालयको प्रस्तावमा नेपाल सरकार समपूरक अनुदानको लागि संचालन गरिने योजनाहरू स्वीकृत गर्ने।

२. आर्थिक मामिला तथा योजना मन्त्रालयको प्रस्तावमा नेपाल सरकार बिशेष अनुदानको लागि संचालन गरिने योजनाहरू स्वीकृत गर्ने।

३. आर्थिक मामिला तथा योजना मन्त्रालयको प्रस्तावमा क्रमागत तथा बहुबर्षीय योजनाको रूपमा काम गर्न स्रोतको सुनिश्चितता गर्ने।

४. कालिकोट जिल्लाको पलाता गाउँपालिकाका अग्नी पिडितहरूलाई घर बनाउन कर्णाली प्रदेश सरकारबाट सहयोग गर्ने ।

५. सुर्खेत जिल्ला पञ्चपुरी नगरपालिका र पोछन सिटी दक्षिण कोरीयाका बीच आपसि मित्रता र पारस्परिक सहयोगका लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमा सिफारिस गरी पठाउने।

**सम्वत् २०७५ साल चैत्र ०९ गते शनिबार बसेको मन्त्रिपरिषद् बैठकका निर्णयहरुः**

१. मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको प्रस्तावमा कर्णाली प्रदेश लोकसेवा आयोगको गठन, काम, कर्तब्य र अधिकार सम्बन्धमा ब्यवस्था गर्न बनेको विधेयक, २०७५ प्रदेश सभामा पेश गर्न स्वीकृती प्रदान गर्ने।

२. मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको प्रस्तावमा माननीय मुख्यमन्त्रीज्यूको सल्लाहाकार नियुक्त गर्ने।

३. उद्योग पर्यटन वन तथा वातावरण मन्त्रालयको प्रस्तावमा नेपाल नदी संरक्षण संस्थाले आयोजना गर्ने तेस्रो नदी शिखर सम्मेलन कार्यक्रमको लागि सहयोग गर्ने।

४. उद्योग पर्यटन वन तथा वातावरण मन्त्रालयको प्रस्तावमा प्रादेशिक जडिबुटी तथा शित भण्डार निर्माण कार्यलाई राष्ट्रिय प्राथमिकता आयोजनामा समाबेश गर्न र उक्त कार्यक्रम कार्यान्वयन गर्न श्री जागृति सामुदायिक बन उपभोक्ता समूह भेरीगंगा नगरपालिका वडा नं. १० मदानिचौर सुर्खेतको ६ हेक्टर बनक्षेत्र भोगाधिकार प्रदान गर्न दिने स्वीकृतिको लागि संघीय सरकारसंग अनुरोध गर्ने।

५. भौतिक पूर्वाधार विकास मन्त्रालयको मातहतका निकायहरुको लागि प्रशासनिक खर्च थप बजेट ब्यवस्थाको लागि माग गर्ने।

६. पूर्वाधार विकास प्राधिकरण गठन गर्नका लागि आवश्यक पर्ने कानूनको मस्यौदा पेश गर्न यस अघि भौतिक पूर्वाधार विकास मन्त्रालयलाई सैद्धान्तिक सहमति दिएकोमा सो को सट्टा आर्थिक मामिला तथा योजना मन्त्रालयलाई सहमति दिने।

**सम्वत् २०७५ साल फाल्गुन २७ गते बसेको मन्त्रिपरिषद् बैठकका निर्णयहरुः**

१. मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको प्रस्तावमा प्रदेश सेवाका कर्मचारी व्यवस्थापन सम्वन्धी कार्यविधि, २०७५ स्वीकृत गर्ने।

२. आर्थिक मामिला तथा योजना मन्त्रालयको प्रस्तावमा समपुरक अनुदानको लागि योजनाको प्रतिवेदन सिफारिस तथा प्रस्ताव पेश गर्ने समयावधि थप गर्ने।

३. आर्थिक मामिला तथा योजना मन्त्रालयको प्रस्तावमा कर्णाली प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ संशोधन गर्न स्वीकृति प्रदान गर्ने।

४. आर्थिक मामिला तथा योजना मन्त्रालयको प्रस्तावमा कर्णाली प्रदेश योजना तर्जुमा मार्गदर्शन, २०७५ स्वीकृति प्रदान गर्ने।

५. आर्थिक मामिला तथा योजना मन्त्रालयको प्रस्तावमा कर्णाली प्रदेश सार्वजनिक नीजी साझेदारी सम्बन्धी विधेयक, २०७५, स्वीकृत गर्ने।

६. आर्थिक मामिला तथा योजना मन्त्रालयको प्रस्तावमा कर्णाली प्रदेश अनुगमन तथा मूल्याङ्कन निर्देशिका, २०७५ स्वीकृति प्रदान गर्ने।

७. आर्थिक मामिला तथा योजना मन्त्रालयको प्रस्तावमा कर्णाली प्रदेश बहुवर्षीय ठेक्का बन्दोवस्त सम्बन्धी निर्देशिका, २०७५"स्वीकृत गर्ने।

८. आर्थिक मामिला तथा योजना मन्त्रालयको प्रस्तावमा कर्णाली प्रदेश बजेट तर्जुमा तथा कार्यान्वयन सम्बन्धी निर्देशिका, २०७५" स्वीकृत गर्ने।

९. आन्तरिक मामिला तथा योजना मन्त्रालयको प्रस्तावमा प्रदेश स्तरीय वेयर हाउस निर्माण गर्ने।

१०. आन्तरिक मामिला तथा योजना मन्त्रालयको प्रस्तावमा बाढि पिडितको पुनर्वास ।

११. आन्तरिक मामिला तथा योजना मन्त्रालयको प्रस्तावमा कर्णाली प्रदेश सरकारको प्रादेशिक टेलिभिजन र रेडियो स्थापना गर्ने।

१२. आन्तरिक मामिला तथा योजना मन्त्रालयको प्रस्तावमा डिजिटल स्कुल कार्यक्रमको खर्च गर्ने अख्तियारी दिने।

१३. उद्योग पर्यटन वन तथा वातावरण मन्त्रालयको प्रस्तावमा उपभोक्ता संरक्षण गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५ मस्यौदा स्वीकृति गर्ने।

१४. उद्योग पर्यटन वन तथा वातावरण मन्त्रालयको प्रस्तावमा प्राईभेट फर्म नविकरण सम्बन्धी निर्देशिका, २०७५ स्वीकृति प्रदान गर्ने।

१५. सामाजिक विकास मन्त्रालयको प्रस्तावमा नवौ राष्ट्रिय खेलकुद प्रतियोगिता कर्णाली प्रदेशको राजधानी सुर्खेतमा गर्न नेपाल सरकारलाई अनुरोध गर्ने।

१६. सामाजिक विकास मन्त्रालयको प्रस्तावमा माननीय ठम्मर बहादुर बिष्टलाई औषधी उपचार सहयोग रु. दुई लाख उपलब्ध गराउने।

१७. सामाजिक विकास मन्त्रालयको प्रस्तावमा संगठन संरचना र स्वीकृत दरबन्दीको स्वामित्व लिने र कार्यालय स्थापना तथा संचालन गर्ने।

१८. भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयको प्रस्तावमा खाद्य उत्पादन, अधिकार तथा सम्प्रभुता सुनिश्चित गर्न बनेको बिधेयक मन्त्रिपरिषद् प्रशासन तथा विधेयक समितिमा छलफल गरी मन्त्रिपरिषदमा पेश गर्ने।

**सम्वत् २०७५ साल फाल्गुन ०४ गते शनिबार  बसेको मन्त्रिपरिषद् बैठकका निर्णयहरुः**

१. आन्तरिक मामिला तथा कानून मन्त्रालयको प्रस्तावमा  सामुदायिक रेडियो प्रसारक संघ, नेपाललाई आर्थिक सहायता उपलब्ध गराउने।

२. आर्थिक मामिला तथा योजना मन्त्रालयको प्रस्तावमा कर्णाली प्रदेश सार्वजनिक सम्पत्ति व्यवस्थापन निर्देशिकाको सैद्धान्तिक सहमति प्रदान गर्ने ।

३. आर्थिक मामिला तथा योजना मन्त्रालयको प्रस्तावमा कर्णाली प्रदेश बहुवर्षीय आयोजना सञ्चालन सम्बन्धी निर्देशिकाको सैद्धान्तिक सहमति प्रदान गर्ने ।

४. आर्थिक मामिला तथा योजना मन्त्रालयको प्रस्तावमा कर्णाली प्रदेश अनुगमन तथा मूल्याङ्कन निर्देशिकाको सैद्धान्तिक सहमति प्रदान गर्ने ।

५. आर्थिक मामिला तथा योजना मन्त्रालयको प्रस्तावमा कर्णाली प्रदेश बजेट तर्जुमा तथा कार्यान्वयन सम्बन्धी निर्देशिकाको सैद्धान्तिक सहमति प्रदान गर्ने ।

६. आर्थिक मामिला तथा योजना मन्त्रालयको प्रस्तावमा कर्णाली प्रदेश सार्वजनिक नीजी साझेदारी सम्बन्धी विधेयकको सैद्धान्तिक सहमति प्रदान गर्ने ।

७. आर्थिक मामिला तथा योजना मन्त्रालयको प्रस्तावमा कर्णाली प्रदेश आर्थिक कार्यविधि ऐन, २०७५ संशोधनको लागि सैद्धान्तिक स्वीकृति प्रदान गर्ने।

८. भौतिक पूर्वाधार विकास मन्त्रालयको प्रस्तावमा जनता आवास कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७५ स्वीकृत गर्ने।

९. सामाजिक विकास मन्त्रालयको प्रस्तावमा कर्णाली प्रदेश स्वयंसेवक परिचालन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक प्रदेश सभामा पेश गर्न स्वीकृति प्रदान गर्ने।

**सम्वत् २०७५ साल माघ २३ गते बुधबार  बसेको मन्त्रिपरिषद् बैठकका निर्णयहरुः**

१. आन्तरिक मामिला तथा कानून मन्त्रालयको प्रस्तावमा सुशासन प्रत्याभुति गर्ने सम्बन्धमा ब्यवस्था गर्न बनेको विधेयक प्रदेश सभामा पेश गर्न स्वीकृती प्रदान गर्ने।

२. आन्तरिक मामिला तथा कानून मन्त्रालयको प्रस्तावमा सार्वजिनक बिदा सम्बन्धी।

३. आन्तरिक मामिला तथा कानून मन्त्रालयको प्रस्तावमा प्रदेश सार्वजनिक प्रसारण सम्बन्धमा कानूनी व्यवस्था गर्न बनेको विधेयक, २०७५" मा सहमति गर्ने।

४. माननीय मन्त्रीज्यूको बैदेशिक भ्रमण स्वीकृतिको लागि सिफारिस गर्ने।

५. भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयको प्रस्तावमा खाद्य उत्पादन, संरक्षण तथा खाद्य अधिकारको प्रवर्द्धन विधेयक, २०७५ प्रदेश सभा समक्ष पेश गर्नको लागि स्वीकृती प्रदान गर्ने।

६. भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयको प्रस्तावमा प्राङ्गारीक (अर्गानिक) कृषि बिधेयक, २०७५ प्रदेश सभा समक्ष पेश गर्नको लागि स्वीकृती प्रदान गर्ने।

७. मालपोत कार्यालय सुर्खेतको नाममा रहेको जग्गा भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालयको लागि माग गर्ने।

८. भौतिक पूर्वाधार विकास मन्त्रालयो प्रस्तावमा कर्णाली प्रदेश विकास प्राधिकरण विधेयक, २०७५ तर्जुमा गर्न सैद्धान्तिक सहमति प्रदान गर्ने।

९. सामाजिक विकास मन्त्रालयको प्रस्तावमा श्रम तथा रोजगार प्रवर्द्धन नीति, २०७५ स्वीकृति प्रदान गर्ने।

१०. सामाजिक विकास मन्त्रालयको प्रस्तावमा प्रदेशमा खेलकुदको विकास सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक प्रदेश सभामा पेश गर्न स्वीकृत गर्ने ।

११. सामाजिक विकास मन्त्रालयको प्रस्तावमा घरेलु हिंसा नियन्त्रण गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक प्रदेश सभामा पेश गर्ने ।

१२. सामाजिक विकास मन्त्रालयको प्रस्तावमा कर्णाली प्रदेश स्वयंसेवक परिचालन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक प्रदेश सभामा पेश गर्ने ।

१३. जाजरकोट जिल्लाको जुनिचाँदे गाँउपालिकाको केन्द्र विवाद मन्त्रिपरिषद् राजनैतिक समितिबाट प्राप्त सो समितिले गठन गरेको कार्यदलको प्रतिवेदन नेपाल सरकार समक्ष पठाउने ।

१४. प्रदेश सभाको हिंउदे अधिवेशन आह्वान गर्ने।

१५. प्रदेश समन्वय परिषद्को सम्पन्न बैठक २०७५ माघ १४ र १५ गते सुर्खेत जिल्लाको वीरेन्द्रनगर स्थित सिद्धार्थ शनी रिसोर्ट होटलमा सम्पन्न भएको प्रदेश समन्वय परिषद्को बैठक सम्पन्न गर्न सहयोग गर्ने सबैलाई हार्दिक धन्यवाद दिने ।

१६. मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको प्रस्तावमा कर्णाली बिद्युत विकास कंम्पनी दर्ता गर्ने।

**सम्वत् २०७५ साल माघ ०९ गते बुधबार बसेको मन्त्रिपरिषद् बैठकका निर्णयहरुः**

१. मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको प्रस्तावमा माननीय मुख्यमन्त्रीज्यूको प्रेश सल्लाहकारलाई सञ्चार बिज्ञको रूपमा नियुक्त गर्ने।

२. मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको प्रस्तावमा प्रदेश समन्वय परिषद् बैठकको कार्यक्रम र लागत अनुमान स्वीकृत गरी निकाशा माग गर्ने।

३. आन्तरिक मामिला तथा कानून मन्त्रालयको प्रस्तावमा प्रदेश अनुसन्धान ब्यूरो सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५ तर्जुमाका लागि सैद्धान्तिक स्वीकृति प्रदान गर्ने।

४. आन्तरिक मामिला तथा कानून मन्त्रालयको प्रस्तावमा प्रहरी भवन संरचना र सुधार गृह भवन निर्माण तथा सञ्चालन।

५. आर्थिक मामिला तथा योजना मन्त्रालयको प्रस्तावमा कर्णाली प्रदेश योजना आयोग (गठन तथा कार्य सञ्चालन) आदेश, २०७५ संशोधन गर्ने।

६. आर्थिक मामिला तथा योजना मन्त्रालयको प्रस्तावमा कर्णाली प्रदेश समपूरक अनुदान सम्बन्धी कार्यविधि, २०७५ संशोधन गर्ने।

७. सामाजिक विकास मन्त्रालयको प्रस्तावमा भन्सार छुट सुविधाको सिफारिस गर्ने।

८. सामाजिक विकास मन्त्रालयको प्रस्तावमा कर्णाली प्रदेश स्वयंसेवक परिचालन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक तर्जुमाको लागि सैद्धान्तिक सहमति गर्ने।

९. सामाजिक विकास मन्त्रालयको प्रस्तावमा रारा राष्ट्रिय नाटक महोत्सव, २०७५ संचालनको लागि आर्थिक सहयोग गर्ने।

१०. देहाय बमोजिमको सवारी साधन खरिद सम्बन्धी प्राविधिक परीक्षण तथा सिफारिस समिति गठन गर्नेः

- सचिव, भौतिक पूर्वाधार विकास मन्त्रालय -संयोजक
- उपसचिव कानून, आन्तरिक मामिला तथा कानून मन्त्रालय -सदस्य
- प्रमुख प्रदेश लेखा नियन्त्रक कार्यालय -सदस्य
- समितिका संयोजकले तोकेको सम्बन्धित बिषयको प्राविधिक -सदस्य सचिव

११. माननीय मुख्यमन्त्रीज्यूको प्रयोगमा रहेका सवारी साधन र सुरक्षार्थ प्रयोग हुने पछुवा (स्कर्टिङ्ग) सवारी साधनको ईन्धन र मर्मत लगायतको खर्च व्यबस्थापन गर्ने।

१२. मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका सचिव (कानून) लाई तोकिएको थप जिम्मेवारी अनुमोदन गर्ने।

१३. २०७५ माघ १४ र १५ गते आयोजना हुने प्रदेश समन्वय परिषद्को बैठक सञ्चालन हल र विज्ञहरुको कार्यपत्र तथा सहजिकरण भत्ता सम्बन्धमा बैठकका सहभागिहरूको संख्या र सभाहलको क्षमतालाई मध्यनजर गर्दा प्रदेश समन्वय परिषद्को बैठक वीरेन्द्रनगर सुर्खेत स्थित सिद्धार्थ शनी रिसोर्ट होटलको सभा हलमा सञ्चालन गर्ने।

**सम्वत् २०७५ साल पौष २६ गते बिहिबार बसेको मन्त्रिपरिषद् बैठकका निर्णयहरुः**

१. आन्तरिका मामिला तथा कानून मन्त्रालयको प्रस्तावमा कर्णाली प्रदेश सूचनाको हक सम्बन्धमा व्यवस्था गर्ने सम्बन्धी विधेयक, २०७५ को मस्यौदा स्वीकृति गर्ने।

२. आन्तरिका मामिला तथा कानून मन्त्रालयको प्रस्तावमा सार्वजनिक विदा सम्बन्धी।

३. आन्तरिका मामिला तथा कानून मन्त्रालयको प्रस्तावमा सुशासनको प्रत्याभूति गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५ तर्जुमा गर्ने ।

४. उद्योग, पर्यटन वन तथा वातावरण मन्त्रालयको प्रस्तावमा उपभोक्ता संरक्षण ऐन सम्बन्धी विधेयक, २०७५ तर्जुमा गर्ने।

५. सामाजिक विकास मन्त्रालयको प्रस्तावमा कर्णाली प्रदेश स्वयंसेवक परिचालन सम्बन्धी कार्यविधि, २०७५ स्वीकृति प्रदान गर्ने।

६. सामाजिक विकास मन्त्रालयको प्रस्तावमा प्रदेश युवा परिषद्को सम्बन्धमा व्ययवस्था गर्न बनेको विधेयक तर्जुमा गर्न सैद्धान्तिक सहमति प्रदान गर्ने।
७. सामाजिक विकास मन्त्रालयको प्रस्तावमा घरेलु हिंसा नियन्त्रण गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक तर्जुमा गर्न सैद्धान्तिक सहमति प्रदान गर्ने।
८. जुम्ला जिल्लाको "कनकासुन्दरी" गाँउपालिकाको नाम परिवर्तन गरी "खस हाँट सिंजा" कायम गर्न नेपाल सरकार समक्ष सिफारिस गर्ने।
९. प्रदेश समन्वय परिषद्को वैठक आयोजना गर्ने।
१०. प्रदेश सरकारको सार्वजनिक विदा सिफारिस गर्न देहाय बमोजिमको सार्वजनिक विदा सिफारिस समिति गठन गर्नेः

- मन्त्री, आन्तरिक मामिला तथा कानून मन्त्रालय -संयोजक
- मन्त्री, सामाजिक विकास मन्त्रालय -सदस्य
- सचिव (प्रशासन), मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय -सदस्य सचिव

**सम्वत २०७५ साल पौष १३ गते शुक्रबार बसेको मन्त्रिपरिषद् बैठकका निर्णयहरुः**

१. आर्थिक मामिला तथा योजना मन्त्रालयको प्रस्तावमा कर्णाली प्रदेश योजना आयोगका लागि प्रशासनिक/बजेटरी खर्च, जनशक्ति र सचिवालय व्यवस्थापन गर्ने।
२. मनोनय गर्ने।
३. भौतिक पूर्वाधार विकास मन्त्रालयको प्रस्तावमा कर्णाली प्रदेश सरकारका मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय लगायत यस प्रदेशका विभिन्न मन्त्रालयको आवश्यक भवन निर्माणका लागि जग्गा माग गर्ने।
४. भौतिक पूर्वाधार विकास मन्त्रालयको प्रस्तावमा एकद्वार प्रणालीबाट स्वीकृत कार्यविधि अनुसार पुनर्स्थापनाको कार्यक्रम कार्यान्वयन गर्ने।
५. सामाजिक विकास मन्त्रालयको प्रस्तावमा अस्पताल व्यवस्थापन समितिको अध्यक्ष तथा सदस्य मनोनयन गर्ने।
६. अन्तर प्रदेश परिषद्को मिति २०७५/०९/०३ को दोश्रो बैठकले स्वीकृत गरेको संघीयता कार्यान्वयन सहजिकरण कार्ययोजनालाई कार्यान्वयन गर्ने।
७. हुम्ला जिल्लाको ताँजाकोट गाँउपालिकाको केन्द्र साविकको मैला गा.वि.स.बाट ताँजाकोट गाँउपालिका वडा नं. ३ को चाखुरे भन्ने स्थानमा सार्नेका लागि नेपाल सरकारमा सिफारिस गरी पठाउने।

*द्रष्टव्यः निर्णयसँग सम्बन्धित अन्य थप विवरणहरू आवश्यक परेमा सम्बन्धित मन्त्रालयबाटै उपलब्ध हुनेछ ।*